नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यलय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

## बैतडी

कार्यालय कोड नं.३०५०१७४०१

पत्र संख्या २०७७।०७८

च.नं. ४९३

मिती:- २०७८।०३।०६

**विषय :- चालु आ.ब. २०७७।०७८ को आर्थिक कारोवारको खाता बन्दी सम्बन्धमा ।**

श्री संघिय कार्यालयहरु बैतडी (सबै) ।
श्री प्रदेश कार्यालयहरु बैतडी (सबै) ।
श्री स्थनिय तहहरु बैतडी (सबै)

प्रस्तुत विषयमा नेपाल सरकारको आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदाईत्व नियमावली २०७७ को नियम ३० को उपनियम १ र प्रदेश तथा स्थानिय तहको हकमा उपनियम ७ मा कार्यालयले बिनियनेजन ऐनले फ्रिज नहुने भनी तोकेको शिर्षकको रकम बाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिइ निकासा र खर्चको लेखा अद्याबधिक गरी भुक्तानी निकासा बन्द गनु पर्नेछ भन्य ब्यबस्था रहेकोछ । सोहि नियमावलीको नियम ३० को उपनियम ३ मा हिसाब मिलान गर्ने तथा खर्च लेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक आर्थिक बर्षको अन्तिम दिन भुक्तानी दिईने छैन भन्ने ब्यबस्था समेत रहेको छ । तसर्थ चालु आर्थिक बर्षको भुक्तानी दिनु पर्ने रकम २०७८ आषाढ २४ गते भित्र भुक्तानी लिई निकासा बन्द गर्न हुन र सो भन्दा पछि मसान्त सम्म हिसाब मिलान गर्ने तथा खर्च लेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजन र उपनियम २ को अबस्था र आधारमा बाहेक यस कार्यालयमा भुक्तानी आदेस नपठाउन र खाता बन्दी तथा सालतमाम सम्बन्धमा ताहां कार्यालयहरुले देहाय बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

१) आ आफ्नो कार्यालयको जेष्ठ मसान्त सम्मको बिनियोजन, राजस्व, धरौटी, बिबिध (कार्य संचालन कोष) तर्फको फांटवारी हरु २०७८ आषाढ १५ गते भित्रै tsa system मा भिडान गरी हिसाब मिलान गर्न गराउन हुन ।
२) दाईत्व सृजना भै सकेका कामको समयमा नै भुक्तानी दिई आषाढको अन्तिममा यकै पटक भुक्तानी गर्ने प्रब्धान लाइ निरुत्साहित गर्न गराउन हुन ।
३) सम्पती तथा जिन्सी मौज्दातको लेखांकन pams system बाटै अनिबार्य रुपमा गरी मासिक तथा बार्षिक प्रतिबेदन तयार गर्न गराउन हुन ।
४) ठेक्का बिल भुक्तानी गर्दा कट्टा गरिएको TDS, धरौटी तथा VAT रकमका चेक हरु समयमा नै दाखिला गर्न हुन ।

नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यलय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

## बैतडी

कार्यालय कोड नं.३०५०१७४०१

पत्र संख्या २०७७०७८

च.नं.

५) EFT कारोबार असफल भए पस्चात Refund गरी के कारणले Reject भएको हो पत्ता लगाई पुन भुक्तानीका लागी पेश गर्न हुन ।
६) चेक भुक्तानीको म्याद १५ दिन मात्र रहेकोले समयमानै राजस्व, धरौटी तथा अन्य चेक हरु सांट्ने तर्फ बिसेष ध्यान दिन हुन ।
७) पेश्कि फिर्ता गर्दा बैंक दाखिला गरेको बैंक भौचर नम्बर सहित समायोजन भुक्तानी आदेस पठाउने ब्यबस्था गर्न गराउन हुन ।
८) आर्थिक बर्षको अन्त्यमा बजेट फिज हुनबाट रोक्ने उद्धेश्यले पेश्कि दिने वा राख्न नपाईने कानुनी ब्यवस्थाको पालना गर्न गराउन हुन ।
९) कार्यालय प्रमुख / प्रसासकिय प्रमुख ले प्रत्यक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिला को निरिक्षण गरी राजस्व हिना मिना भए नभएको, लगती तथा हसवली राजस्वको लेखा रहे नरहेको निरिक्षण गरी अभिलेख अध्याबधिक गराउने ब्यबस्था गर्न गराउन हुन ।
१०) RMIS अनुसार राजस्वको बैंक दाखिलाको राजस्व आम्दानी बांधी स्रेस्ता अद्याबधिक गर्न गराउन हुन ।
११) राजस्व दाखिला भौचर बाट सेवा दिनु पुर्व बैंक दाखिला भिडान गर्न हुन र भाद्र मसान्त पछि कुनै पनि राजस्व भौचरको बिबरण संसोधन गर्न नसकिने कानुनी ब्यबस्था पालना गर्न गराउन हुन ।
१२) कार्यलय बाट जारी भएका EFT तथा चेक हरु आ.ब. समाप्त भएको १५ दिन भित्र फरफारक गरी सक्नुपर्ने छ । यदि १५ दिन भित्र नसाटी वा फरफारक नभएमा कार्यालयको खर्च घटाई भुक्तानी आदेस सहित को.ले.नि.का.मा निकासा खर्च समायोजनको लागी पठाउने ब्यबस्था गर्न गराउन हुन ।
१३) भुक्तानी पाउने ब्यक्ती संस्था को नाम, निजको खातामा रहेको बैंकको नाम, ठेगाना, खाता नम्बर आदि फरक परेको लगायत अन्य कारणले EFT मार्फत भएको भुक्तानी निकासा सम्बन्धित पक्षको बैंक खातामा जम्मा न भै आर्थिक बर्ष समाप्त भएमा भुक्तानि निकासा माग गर्ने कार्यालय स्वय जिम्मेवार हुने हुदा फरक नपार्ने तर्फ सजग हुन ।
१४) तोकिएको खर्च सिर्षकमा चालु बर्षको बजेटले नखामेको खर्च ब्यहोर्नु पर्ने उचित आधार र प्रयाप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल भर्पाई बमोजिमको रकम आर्थिक बर्ष समाप्त भएको ७ दिन भित्र पेश गरिसक्नु पर्ने कानुनी ब्यबस्था लाई कार्यानवयन गर्न हुन ।
१५) आर्थिक बर्ष समाप्त भएको २१ दिन भित्र कार्यालयको बिनियोजन, राजस्व, धरौटी, पेश्कि बांकी यबं सम्पती तथा दाईत्वको बिबरण तयार गरी को.ले.नि.का.मा पेश गर्ने ब्यबस्था गर्न गराउन हुन ।
१६) कारोवारको बार्षिक प्रतिबेदन आर्थिक बर्ष समाप्त भएको कानुनमा उल्लेखित अबधी भित्र कोष तथा लेखा नियन्त्रक कार्यलयमा पेश गर्न गराउन हुन ।

बोधार्थ
महालेखा नियन्त्रक कार्यालय (कोष प्रशासन शाखा) अनामनगर काठमाण्डौ ।

(दिन राज जोशी)
नि.प्रमुख कोष नियन्त्रक